काठमाडौं महानगरपालिका

यें महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बागदरवार, काठमाडौं, बागमती प्रदेश, नेपाल

**(कानुन तथा मानव अधिकार विभाग )**

प.सं.:०७९।०८०

च.नं.: 520

मिति :२०८०।१।६

श्री सबै वडा कार्यालय,
का.म.पा. ।

विषय: **स्पष्ट गरेको बारे ।**

प्रस्तुत विषयमा का.म.पा. वडा नं. ३१ को च.नं. ३०१३ मिति २०७९।१२।२२ को पत्रमार्फत काठमाडौं महानगरपालिकाको घर बहाल व्यवस्था निर्देशिका, २०७९ को दफा २७ मा उल्लेखित विषयमा राय माग भएकोमा देहाय अनुसार गर्ने गरी सबै वडा कार्यालयमा परिपत्र गर्ने भनी श्रीमान् प्रमुख प्रशासकीय अधिकृतस्तरीय मिति २०८०।१।६ को निर्णय बमोजिम गर्नुहुन अनुरोध गरिन्छ ।

देहाय:

मुलुकी देवानी संहिता, २०७४ को दफा ४०४ र काठमाडौं महानगरपालिकाको घर बहाल व्यवस्था निर्देशिका, २०७९ को दफा २७ को व्यवस्था बमोजिम बहालमा दिने व्यक्तिको जिम्मेवारी देहाय अनुसार हुनेछ ।

(क) बहालमा लिने व्यक्ति विना सूचना तीन महिना वा सोभन्दा बढी अवधीसम्म बहाल रकम नबुझाई वेपत्ता भएको र निजलाई सार्वजनिक सूचना वा निजको ठेगानामा पत्राचार गर्दा पनि फेला नपरेमा वा फेला परेको अवस्थामा पनि उपस्थित नभएमा घरकोठा खाली गर्न वडा कार्यालयमा निवेदन दिनसक्ने देखिन्छ ।

(ख) वडा कार्यालयमा निवेदन लिई आउनुपूर्व घर बहालमा दिएको कम्तिमा तीन महिना पुगेको हुनुपर्नेछ ।

(ग) बहालमा दिनेले बहालमा लिनेको नाममा घरकोठा खाली गर्न पत्राचार गरेको वा सार्वजनिक सूचना गरेको लिखित प्रमाण निवेदनसाथ पेश गर्नुपर्नेछ ।

(घ) घर बहालमा दिने व्यक्तिले बहाल सम्झौता वडा कार्यालयमा दर्ता गरेको हुनुपर्नेछ र निवेदन दर्ता गर्नुभन्दा कम्तिमा तीन महिना अघिसम्म बहाल कर बुझाएको हुनुपर्नेछ ।

(ङ) वडा कार्यालयमा निवेदन पेश भएपछि वडा कार्यालयले घर बहाल रकम घर बहाल व्यवस्था निर्देशिका २०७९को दफा २७(३) बमोजिम १५ दिनको सार्वजनिक सूचना अनिवार्य रुपमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । सो सूचना प्रकाशन गरेवापतको खर्च सम्बन्धित निवेदकले नै व्यहोर्नुपर्नेछ ।

(च) वडा कार्यालयमा घर कोठा खाली गर्न पेश गर्ने निवेदनकासाथ घर बहाल सम्झौता, बहालमा दिने व्यक्तिले आफ्नो तर्फबाट गरेको सार्वजनिक सूचना वा पत्राचार गरेको प्रमाण कागज र घर कोठा खाली गर्नुपर्नाको कारण समेत खुलाइएको कानुन बमोजिमको निवेदन पेश गरेको हुनुपर्नेछ ।

अवगतार्थ:
श्रीमान् प्रमुखज्यू,
श्रीमान् उप-प्रमुखज्यू,
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ।

2080/1/6
देविकुमार तिम्सिना
सहायक निर्देशक (कानून)

पो.ब.नं. ८४१६ बागदरबार, काठमाडौं, नेपाल, फोन नं. ४२३१४८१ फ्याक्स : ९७७-१-४२६८५०९
E-mail: kmcmayor@mos.com.np, http//www.kathmandu.gov.np

काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

३१ नं वडा कार्यालय

भिमसेनगोला, काठमाडौं

बागमती प्रदेश, नेपाल

श्री - देवी कुमारी जी
यस विषयमा सबै वडालाई परिपत्र गर्न जारी राय गर्दछु

पत्र संख्या : ०७९/०८०
चलानी नं. : 3093

मिति : २०७९-१२-२२

2080/09/03

श्री कानुन तथा मानव अधिकार विभाग,
बागदरवार, काठमाडौं ।

विषय- वडा कार्यालयले घर खाली गराउन सक्ने प्रावधन बारे।

उपरोक्त सम्बन्धमा काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका, २०७९को परिच्छेद-५ ( घर बहाल सम्बन्धी विवाद निरुपण)को दफा २७ मा निम्न प्रावधान रहि आएको छ ।

२७. घर खाली गराउन सक्नेः (१) घर बहालमा दिने व्यक्तिले बहालमा लिने व्यक्तिबाट घर खाली गराउन चाहेमा सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्ने छ । (२) उपदफा (१) बमोजिम निवेदन दर्ता गर्नु अघि देहायको अवस्था भएको हुनुपर्ने छ : (क) घर बहाल लिनदिन भएको बहाल सम्झौता वडा कार्यालयमा दर्ता गरी कम्तीमा तीन महिना अघिसम्म बहाल कर बुझाएको, (ख) घर बहालमा लिने व्यक्ति कम्तीमा तीन महिना अघिदेखि बहाल नबुझाई बेपत्ता भएको र कम्तीमा तीन महिना अघिबाट बेपत्ता भएका बहालमा लिने व्यक्तिका नाममा कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना गरी बहाल बुझाउन तथा घर खाली गर्न घरधनीले सूचित गरेको वा निजको घर ठेगानामा पत्राचार गर्दा पनि फेला नपरेमा वा फेला परे पनि निज वा निजका कुनै हकवाला वा प्रतिनिधि उपस्थित नभएमा । (३) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको अवस्था विद्यमान भएको प्रमाणसहित घरधनीले उपदफा (१) बमोजिमको निवेदन पेस गरेमा १५ दिनभित्र वडा कार्यालयमा उपस्थित हुनु भनी घर बहालमा लिने व्यक्तिलाई वडा कार्यालयले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना गर्ने छ । त्यस्तो सूचना प्रकाशित गरेबापतको खर्च सम्बन्धित निवेदकले बेहोर्नुपर्नेछ । द्दण वर्ष ६) अतिरिक्ताङ्क ६, कामपा, स्थानीय राजपत्र, भाग १, मिति २०७९।०९।१८ (४) उपदफा (३) बमोजिमको सूचना प्रकाशित भएपछि घर बहालमा लिने व्यक्ति सम्बन्धित वडा कार्यालयमा लिखित जवाफसहित उपस्थित हुनुपर्नेछ । (५) उपदफा (४) बमोजिमको सूचनाले बहालमा लिने व्यक्ति वडा कार्यालयमा उपस्थित भएमा दुबै पक्षलाई १५ दिनभित्र मेलमिलाप प्रक्रिया गर्न वडाको मेलमिलाप केन्द्रमा पठाउने छ । (६) घर बहालमा लिने व्यक्ति उपदफा (३) बमोजिमको सूचनाले तोकेको म्यादभित्र वडा कार्यालयमा उपस्थित नभएमा वडा कार्यालयले वडाका जनप्रतिनिधि, नेपाल प्रहरी तथा महानगर प्रहरी बलको सहयोग र कम्तीमा तीन जना स्थानीय भद्रभलाद्मीको रोहवरमा बहालमा रहेको घर कोठा खोली फेला परेको मालसामानको मुचुल्का तयार गरी घरधनीको जिम्मामा मालसामान सुरक्षित रहने गरी घरकोठा खाली गरिदिनुपर्नेछ ।

सरोज ढकाल
वडा अध्यक्ष
कामपा-३१

बाग दरवार, काठमाडौं, नेपाल । फोन नं.: ४२६७३९०, ४२३१४८१, फ्याक्स: ४२६८५०९
पो.ब.नं.: ८४१६, ईमेल: kmcmayor@mos.com.np, वेभसाईट: www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका

## श्री महानगरपालिका कार्यालय

**३१ नं वडा कार्यालय**
**भिमसेनगोला, काठमाडौं**
**बागमति प्रदेश, नेपाल**

काठमाडौं महानगरपालिका ३१ नं. वडा कार्यालय भिमसेनगोला, काठमाडौं २०७३


सो प्रावधान लागु भए पश्चात् थुप्रै संख्यामा घर बहाल सम्बन्धी विवाद (विशेष गरी कोठा खाली गराई पाउ) भन्ने निवेदन यस वडामा ~~सदै~~ ७६ आएको छ । हालसालै लागु सो निर्देशकको सम्बन्धीत कानुनी प्रावधानको व्याख्यामा समस्या पर्न गएकोले कोठा खाली गराउने प्रकृयाको स्पष्टता र एकरुपताको लागि सो प्रावधानको सुष्म अध्ययन गरी तपसिल बमोजिमको विषयमा विभागबाट कानुनी राय उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

तपसिलः

१) दफा २७ को उपदफा २ को ख बमोजिम घर बहालमा दिने व्यक्तिको सामान्य जिम्मेवारी के के हो ?

२) उपदफा ३ बमोजिम वडामा निवेदन दिनु अघि बेपत्ता भएको व्यक्तिको नाममा घर बहालमा दिने व्यक्तिले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सुचना दिनु पर्ने हो वा हैन ( वडाले दफा ३ बमोजिम दिने सुचना भन्दा छुट्टै) दिनु पर्ने हो भने कति दिन सुचना दिनु पर्ने हो ? ठेगानामा पत्रचार गर्दा मात्र पनि हुने भए , दफा ३ बमोजिम निवेदन दिनु भन्दा कति दिन अघि पत्राचार गरेको हुनुपर्ने हो ?

..............................
**सरोज ढकाल**
**वडा अध्यक्ष**

सरोज ढकाल
वडा अध्यक्ष
कामपा-३१